# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY

Office of Municipal Executive

Bharatpur, Chitwan, Nepal


प.सं.
च.नं. २२८२

मिति २०७६/०८/०४

बिषयः निर्वाचन आचार संहिता कार्यान्वयन गर्नुहुन।

श्री वडा अध्यक्षज्यूहरु सवै
वडा कार्यालयहरु सवै भरतपुर महानगरपालिका ।

निर्वाचन आयोग, नेपालको मिति २०७६/७/७ गतेको प्रेस विज्ञप्ति, निर्वाचन आचार संहिता कार्यान्वयन गर्ने सम्बन्धी पत्रको छाँयाकपी यसै पत्रसाथ संलग्न छ ।सोहि बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

..........................................
प्रद्युम्न प्रसाद उपाध्याय
नि प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत


056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np

प.सं. च.नं./Ref:

## प्रेस विज्ञप्ति

मिति २०७६ ७ ७

काठमाडौं, कार्तिक ७ ।

### निर्वाचन आचार संहिता कार्यान्वयन सम्वन्धमा

प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तह सदस्यको रिक्त रहेको पदहरूमा नेपाल सरकार र निर्वाचन आयोगद्वारा मिति २०७६ साल मंसिर १४ गते सम्पन्न गर्ने गरी उपनिर्वाचन कार्यक्रम कार्यतालिका प्रकाशन गरी सकिएको छ। आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्नको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा सरोकारवाला निकाय एवम् व्यक्तिले पालना गर्नुपर्ने निर्वाचन आचार संहिता, २०७२ तथा स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ उपनिर्वाचनको लागि मिति २०७६ साल कार्तिक ८ गते शुक्रवारबाट लागू गरिएको छ । साथै, आयोगले नीतिगत निर्णय गरी थप प्रावधानहरू उपनिर्वाचनका लागि लागू गर्ने र आवश्यक नदेखिएका निर्वाचन आचार संहिता, २०७२ का दफाहरू दफा ५ खण्ड (ख) को (१क), दफा ५ खण्ड (ख१) को (३क) हाललाई स्थगन गर्ने निर्णय समेत गरेको छ ।

(क) आचार संहिता लागू हुने विषय, अवधि र क्षेत्र:

1. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हकमा प्रतिनिधि सभा सदस्यको निर्वाचन हुने जिल्ला, प्रदेश सभा सदस्यको निर्वाचन हुने जिल्ला र स्थानीय तह सदस्यको निर्वाचन हुने स्थानीय तहमा मिति २०७६।७।८ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्म प्रचार प्रसारमा संलग्न नहुने, नयाँ कार्यक्रम गर्न नहुने, भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने, पद सृजना, विज्ञापन, सुविधा वृद्धि र पुरस्कार दिन नहुने, सरुवा, बढुवा गर्न वा काज खटाउन नहुने, तटस्थ र निष्पक्ष रहनु पर्ने, विदेश भ्रमणमा जान नहुने र निर्वाचन सम्बन्धी जिम्मेवारी दिन नहुने सम्बन्धी विषयहरू लागू गरिएको छ ।
2. राजनीतिक दलको हकमा मिति २०७६।७।८ गतेबाट निर्वाचनको अन्तिम परिणाम प्राप्त नभएसम्म सामान्य आचरण र विषयगत आचरणका विषयहरू लागू गरिएको छ ।
3. उम्मेदवारको हकमा निर्वाचनको मनोनयनपत्र दर्ता भएको मिति देखि निर्वाचनको अन्तिम परिणाम प्राप्त नभएसम्म सामान्य आचरण र विषयगत आचरण अन्तर्गत जुलस, आमसभा, र्‍याली, बैठक, भेला गर्दा पालना गर्नुपर्ने आचरण, सवारी साधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण, प्रचार-प्रसारमा सञ्चार माध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण, निर्वाचन खर्च सम्बन्धी आचरण, मौन अवधिमा पालना गर्नुपर्ने आचरण, मतदानको दिन पालना गर्नुपर्ने आचरण र अन्य आचरण सम्बन्धी विषयहरू लागू गरिएको छ ।